आज मिति २०८१ साल  कार्तिक ७ गतेका दिनको १:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८१/८२ को चौथो बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | ध्रुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर थापा | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) |
| | हरि प्रसाद पोखेल | अधिकृत छैठौं (प्रशासन) |
| | पिताम्वर मरासिनी | अधिकृत छैठौं (लेखा) |
| | दामोदर उपाध्या | का.स. |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १ गत वैठकको समिक्षा सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा भिमरुक गाउँ कार्यपालिकाको मिति २०८१/६/२२ गते बसेको तेस्रो वैठकबाट बारदुला-मच्छी सडक स्तरउन्नती कार्यको र ७ नं. वडा कार्यालय भवनको ठेक्का लगाउने निर्णय भएकोमा बारदुला -मच्छी सडक स्तरउन्नती कार्यको लागि ठेक्का लागेको र ७ नं. वडा कार्यालय भवन निर्माणको नक्सा डिजाईन तयारीको कार्य अगाडि वढेको, उपभोक्ता मार्फत सञ्चालन हुने आयोजनाहरुको उपभोक्ता समिति गठनको चरणमा रहेको, चिसावाङ्ग भो.पु जाने बाटोको लागि वजेटको सुनिश्चितता गरिएकोमा उपभोक्ता समिति गठनको चरणमा रहेको, स्थानीय हाटबजार व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०८१ पारित गरिएकोमा जग्गा व्यवस्थापनको लागि सूचना प्रकाशन गरिएको र उत्पादनमा आधारित अनुदान र वजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि,२०८० संशोधन गरिएकोमा सोही वमोजिम कार्यान्वयनको लागि अगाडि वढेको, विभिन्न व्यक्ति तथा संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरिएकोमा आर्थिक सहायता रकम निकासा भै रहेको, विभिन्न क्लव तथा संस्थालाई खेलकुद तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन गरिएकोमा भुक्तानीको प्रक्रियामा रहेको लगायतका विषयमा समिक्षा गरियो ।

प्रस्ताव नं. २ शिक्षण सिकाई अनुदानतर्फको रकम बाँडफाँट सम्वन्धमा ।

निर्णय नं २

प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व. २०८१/८२ को लागि माध्यामिक तह (९-१० ) र आधारभूत तह (कक्षा ६-८) मा अंग्रेजी,गणित, विज्ञान विषयमा शिक्षण सहयोगको लागि संघीय सर्शत अनुदानको रुपमा प्राप्त भएको रकम मध्येबाट गाउँ शिक्षा समितिको मिति २०८१/७/६ गते वसेको वैठकको निर्णय माथि छलफल गरी तपसिल वमोजिमका माध्यामिक तथा आधारभूत विद्यालयहरुमा शिक्षण सहयोगको लागि निम्न वमोजिमका अनुदान कोटा बाँडफाँट भएकोले सर्वसम्मत रुपमा अनुमोदन गरियो ।

तपसिल

| क्र.स | विद्यालयको नाम | ठेगाना | अनुदान कोटा सख्या | तह | वजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री ने.रा मा.वि. | भिमरुक गा.पा. -६ | २ | (९-१० ) | संघीय सर्शत अनुदान | |
| २ | श्री अमर सिंह मा.वि. | भिमरुक गा.पा. -१ | १ | (९-१० ) | संघीय सर्शत अनुदान | |
| ३ | श्री ने.रा मा.वि. | भिमरुक गा.पा. -५ | १ | (९-१० ) | संघीय सर्शत अनुदान | |
| ४ | श्री सिता मा.वि. | भिमरुक गा.पा. -७ | १ | (९-१० ) | संघीय सर्शत अनुदान | |
| ५ | श्री जनता मा.वि. | भिमरुक गा.पा. -८ | १ | (९-१० ) | संघीय सर्शत अनुदान | |
| ६ | श्री लक्ष्मी मा.वि. | भिमरुक गा.पा. -४ | १ | (९-१० ) | संघीय सर्शत अनुदान | |
| ७ | श्री बालज्योति | भिमरुक गा.पा. -३ | १ | (६-८ ) | संघीय सर्शत अनुदान | |
| ८ | श्री ज्ञान ज्योति आ.वि. | भिमरुक गा.पा. -८ | १ | (६-८ ) | संघीय सर्शत अनुदान | २०८२ असार मसान्त सम्म |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ३ मदिरा बेचविखनमा देखिएको बेथिति सम्वन्धमा ।

निर्णय नं. ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा झिमरुक गाउँपालिका अन्तर्गत बजार तथा ग्रामिण ईलाकामा मदिरा बेचविखनमा बेथिति बढेका कारण समस्या उत्पन्न भएको हुँदा मदिरा बेचविखन कार्यको लागि ईजाजत पत्र प्राप्त व्यवसायीहरुले मात्र मदिरा जन्य पदार्थ नेपाल सरकारले निर्धारण गरेको समय सीमा भित्र रही वेचविखन गर्ने र अवैध रुपमा मदिरा बेचविखन गर्ने गरेका व्यवसायीहरुलाई अनुगमन गरी कानुनको दायरामा ल्याउने कार्यको लागि गाउँपालिकाबाट विज्ञप्ति प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो । साथै २०८१ को शुभ दिपावली (तिहार) र छठ पर्व नजिकिदै आएको समयमा सार्वजनिक स्थलमा जुवा तास खेल्ने खेलाउने कार्य नगर्न नगराउन समेत विज्ञप्ति मार्फत सम्वन्धित सबैको लागि जानकारी गराउन सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४ चालु आ.व.को आयोजनाहरुको प्रगति समिक्षा सम्वन्धमा ।

निर्णय नं. ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा मिति २०८१/४/६ गतेको बैठकको निर्णय अनुसारको समयमा आ.व. २०८१/८२ मा सञ्चालन गर्नुपर्ने आयोजनाहरुको कतिपय वडाहरुबाट उपभोक्ता समिति गठन गर्न ढिला भएको समिक्षा गरियो बाँकी रहेका वडाहरुबाट तत्काल उपभोक्ता समिति गठन गरी सम्झौताको प्रक्रिया अगाडि बढाउने र गाउँपालिकाबाट रकम विनियोजन भएका आयोजनाहरु मिति २०८१ पुस २० गतेभित्र सम्पन्न नभएमा आ.व. २०८१/८२ को हिउदे अधिवेशनमा विनियोजित रकम रकमान्तर गर्न बाधा नपर्ने सर्वसम्मत निर्णय गरियो । साथै दिपावली र छठ पर्व नजिकिदै गरेको कारण झिमरुक बासीहरुको आवत जावत बढ्ने भएकोले झिमरुक गाउँपालिकाका भित्री सडकहरु मर्मत तथा सोहोरसारलाई निरन्तरता दिई दिपावली (तिहार) र छठ पर्व अगाडि नै भित्री सडकहरु समेत सुचारु गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ५ झिमरुक रिङ्गरोडको ठेगाना निश्चित गर्न सिफारिस माग गर्ने सम्वन्धमा ।

निर्णय नं ५

प्रस्ताव नं. ५ माथि छलफल झिमरुक गाउँपालिका अन्तर्गत रहेको झिमरुक रिङ्गरोड निर्माण शीर्षकमा सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय, घोराही, दाङबाट कार्यान्वयन हुने गरी रु १ करोड रकम विनियोजन भएकोमा सो आयोजना अगाडि बढाउने प्रक्रियाको लागि सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय, घोराही, दाङको च.नं.४६ मिति २०८१/४/६ गतेको प्राप्त पत्रानुसार यस गाउँपालिकाको मिति २०८१/४/६ गतेको गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी उक्त आयोजनाको निर्माण स्थल, कामको प्रकृतिको बारेमा समेत किटान गरी च.नं.३७ मिति २०८१/४/९ मा सोही अनुसार जानकारी उक्त कार्यालयलाई गराएकोमा हालसम्म पनि सो योजनाको कार्यान्वयन प्रक्रिया अगाडि नबढेको अवस्थामा के कति कारणले सो आयोजना कार्यान्वयन प्रक्रियामा अगाडि नबढेको हो भनी सोध पुछ गर्दा आयोजना पहिचान गरी पठाई दिनको लागि अर्थ मन्त्रालय तथा शहरी विकास मन्त्रालय, काठमाडौंमा लेखी पठाईएको छ भनी जवाफ आएकोले उक्त आयोजना यस झिमरुक गाउँपालिका भित्र सञ्चालन गर्नको लागि LMBIS (11.4.22.10380) झिमरुक गाउँपालिका रिङ्गरोड निर्माण अन्तर्गतको आयोजना भएको हुनाले सो रकम यसै गाउँपालिकाको वडा नं. ५ स्थित मच्छी बजार भित्रको सडक कालोपत्रे गर्ने गरी खर्च गर्ने प्रयोजनको लागि सघन शहरी तथा भवन आयोजना कार्यालय, घोराही, दाङलाई लेखि पठाई दिनको लागि अर्थ मन्त्रालय र शहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौंमा पत्रचार मार्फत अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

६.विविध सम्बन्धमा ।

**विविध (क) विभिन्न कार्यक्रम सञ्चालनको लागि मिति तय गर्ने सम्बन्धमा ।**

निर्णय नं.६ (क)

विविध (क) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको कार्यालयसँग सम्वन्धित तपसिल वमोजिमका कार्यक्रमहरु गाउँपालिकाको सभाहलमा सञ्चालन गनु पर्ने भएको हुँदा निम्न अनुसारको मिति तय गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१.बाली तथा पशुपन्छी विमा सम्वन्धी अन्तरक्रिया कार्यक्रम मिति २०८१/७/१३ गते

२.गाउँपालिकामा क्रियाशिल राजनैतिक दलहरुसँग समसामयिक बैठक मिति २०८१/७/२७ गते

३.आ.व. २०८०/८१ को सार्वजनिक सुनवाई कार्यक्रम मिति २०८१/७/२८ गते

**विविध (ख) कार्यविधिको मस्यौदा तयारी सम्वन्धमा ।**

**निर्णय नं. ६ ( ख )**

प्रस्ताव नं ६ विविध ( ख ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा तपसिल वमोजिमका कार्यविधिहरु निर्माण गर्नु पर्ने भएको हुँदा आवश्यक गृहकार्य गरी विधेयक समिति मार्फत आगामी कार्यपालिकाको बैठकमा मस्यौदा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निमार्ण गर्नुपर्ने कार्यविधिहरु**

१.बाली तथा पशुपन्छीको विमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यविधि,२०८१

२.कृषि तथा पशुपन्छी कृषक समूह/फर्म दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि,२०८१

**विविध (ग) प्राईभेट फर्म नविकरण सम्वन्धमा ।**

निर्णय नं. ६ ( ग )

प्रस्ताव नं ६ विविध (ग ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको प्राईभेट फर्म सम्वन्धी (पहिलो संशोधन ) कार्यविधि, २०७७ को दफा ७ को उपदफा ४ वमोजिम नवीकरण गराउने अवधि समाप्त भएको मितिले ३ महिनासम्म दोब्बर दस्तुर लिई त्यस्तो फर्म नविकरण गर्न सकिने, सोही कार्यविधिको दफा ७ को उपदफा ५ मा सो म्याद भित्र पनि कुनै प्राईभेट फर्म नवीकरण नगराएमा गाउँपालिकाले प्राईभेट फर्म खारेजीको कारवाही गर्न सक्ने छ भन्ने व्यवस्था रहेकोमा झिमरुक गाउँपालिका भित्र कार्यक्षेत्र भएका ५ लाख सम्मका प्राईभेट फर्महरुको विगत आ.व.देखि नै नवीकरण हुन बाँकी रहेको हुँदा १ पटकको लागि आ.व. २०८१/८२ को असार २० गतेभित्र प्रत्येक वर्षको दफा ३ वमोजिमको दस्तुर लिई जरीवाना छुट गरी नवीकरण गर्ने र सो समयसम्म नवीकरण नगर्ने प्राईभेट फर्महरु नियमानुसार खारेजीको प्रक्रियामा लैजाने सर्वसम्वत निर्णय गरियो । साथै सो को जानकारीको लागि सार्वजनिक सूचना जारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विविध(घ) कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुमा थप अनुदान पठाउने सम्वन्धमा ।**

निर्णय नं. ६ (घ)

प्रस्ताव नं. ६ विविध (घ) माथि छलफल गर्दा यस झिमरुक गाउँपालिका अन्तर्गत तपसिल अनुसारका माध्यमिक तह कक्षा ९-१२ सञ्चालित विद्यालयहरुमा माध्यमिक तह (९-१०) को गा.पा.अनुदान तलब भत्ता खाईपाई आएको कुनै एक अनुदान (अंग्रजी,विज्ञान र गणित) कोटामा अध्यापन गर्ने शिक्षकहरुलाई माध्यमिक तह तृतीय श्रेणी सरहको तलब भत्ता बराबरको अनुदान रकम गाउँपालिका अनुदान रकमबाट बचत हुन आएको रकमबाट उपलब्ध गराउने गाउँ शिक्षा समिति निर्णय मिति २०८१/७/६ गतेको निर्णय सर्वसम्मतले रुपले अनुमोदन गरियो ।

तपसिल

| क.स | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | श्री सत्य मा. वि. | झिमरुक-७, तुषारा | |
| २. | श्री सर्वोदय मा. वि. | झिमरुक-२,गडेरपानी | |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

विविध (ङ) आयोजनाको नाम र ठेगाना किटानी सम्वन्धमा ।

निर्णय नं. ६ ( ङ )

प्रस्ताव नं ६ विविध (ङ ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा आ.व. २०८१/८२ मा सामाजिक विकास डिभिजन कार्यालय,विजुवार, प्यूठान मार्फत कार्यान्वयन गर्ने गरी लुम्बिनी प्रदेश सरकारबाट रकम विनियोजन भएको तपसिल वमोजिमको आयोजनाको नाम र ठेगाना किटानी नगरेको हुँदा तपसिल वमोजिको कायम गरी कार्यान्वयनको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्युठानमा पत्राचार मार्फत अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स | हाल कायम भएको आयोजनाको नाम ठेगाना | नाम ठेगाना किटानी गरिएको आयोजना |
|---|---|---|
| १. | झिमरुक खेल मैदान निर्माण | कोईलीखोला खेल मैदान निर्माण झिमरुक-१ |

विविध च) वजार अनुगमन गर्ने सम्वन्धमा ।

निर्णय नं ६ (च)

प्रस्ताव नं.६ विविध (च) माथि छलफल गर्दा झिमरुक गाउँपालिका क्षेत्रभित्र सबै वजार क्षेत्रहरुको अनुगमन गरी गुणस्तर कायम गर्न, म्याद नाघेका वस्तुहरु हटाउन, मूल्य सूची राख्न तथा व्यवसाय दर्ता तथा नविकरण गर्न लगायतको विषयमा जानकारी गराउन उद्योग वाणिज्य संघ, मच्छी ईलाकाको प्रतिनिधिको समेत उपस्थितीमा कम्तीमा ३/३ महिनामा वजार अनुगमन गर्ने र नियम विपरित सञ्चालन गरेका सबै प्रकारका व्यवसायहरुलाई नियम संगत गर्न अनुगमनको क्रममा जानकारी गराउने सर्वसम्मत निर्णय गरियो । साथै २०८१ को दिपावली तथा छठ पर्व नजिकिदै गरेको अवस्थामा बजार क्षेत्रमा दैनिक उपभोग्य बस्तुको खरिद बिक्रीको कार्यमा वृद्धि हुने भएकोले दिपावली (तिहार) तथा छठ पर्व अगाडि नै गाउँपालिका भित्रका मुख्य वजार क्षेत्रहरुको अनुगमन गर्ने सर्वसम्मत निर्णय गरियो ।

विविध (छ) रकम रकमान्तर तथा कार्यक्रम संशोधन सम्वन्धमा ।

निर्णय नं. ६ ( छ )

प्रस्ताव नं ६ (छ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८१/८२ मा सञ्चालन गर्ने गरी विनियोजन गरिएको तपसिल वमोजिमको कार्यक्रम संशोधनको लागि वडा कार्यालयबाट निर्णय भई आएकोले तपसिल वमोजिमको कार्यक्रममा रकम रकमान्तर तथा कार्यक्रम संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स | साविकको कार्यक्रमको नाम | ठेगाना | रकम | क्र.स | ठेगाना | हाल रकमान्तर तथा संशोधन गरिएको कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | युवा तथा खेलकुद कार्यक्रम र क्रिकेट खेल सामाग्री वितरण | झिमरुक-६ | १,५०,०००। | १ | झिमरुक-६ | युवा तथा खेलकुद कार्यक्रम | १,५०,०००। |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

विविध (ज) नदी जन्य पदार्थ ढुङ्गा, गिट्टी,बालुवाको अमानतबाट राजश्व संकलन गर्ने सम्बन्धमा ।

निर्णय नं ६ (ज)

प्रस्ताव नं ६(ज) माथि छलफल गर्दा झिमरुक गाउँपालिका क्षेत्रभित्र आ.व.२०८१/८२ मा झिमरुक खोला झिमरुक, गर्तङ्ग दोभान, छाप्रे झिमरुक-५ खण्ड नं.-३ अन्तर्गत नदी जन्य पदार्थ संकलन,उत्खनन गर्नको लागि पहिलो पटक मिति २०८१/४/१६ गते, दोस्रो पटक मिति २०८१/५/१८ गते र मिति २०८१/६/१३ गते तेस्रो पटक समेत ई-ठेक्का लगाउदा ठेक्का प्रक्रियामा कुनै फर्म/कम्पनी सहभागी हुन ईच्छुक नरहेको हुँदा गत आ.व. २०८०/८१ मा स्वीकृत भएको नदी जन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको अमानतबाट राजश्व संकलन कार्ययोजना, २०८० मा कायम भएको दररेट र राजश्व संकलन सम्बन्धी व्यवस्था अनुसार नै अमानतबाट नदीजन्य पदार्थको सो खण्ड को राजश्व संकलन गर्ने र उक्त कार्यको जिम्मा ५ नं. वडा कार्यालय, मच्छीलाई दिने सर्वसम्मत रुपमा निर्णय गरियो ।

विविध (झ) गत आ.व.को भुक्तानी बाँकीको रकम भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ६(झ)

प्रस्ताव नं ६(झ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको कार्यालयबाट आ.व. २०८०/८१ मा भुक्तानी गर्नु पर्ने भुक्तानी दिन बाँकी रहेका तपसिल बमोजिमका शीर्षकको रकम नियमानुसार भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स. | शीर्षकको नाम | भुक्तानी गर्नु पर्ने रकम |
|---|---|---|
| १ | अस्थाई प्रहरी पोष्ट झिमरुक-१,सौतामारेको घरभाडा रकम | ३३,०००। |

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ बमोजिम प्रमाणित गर्दछु ।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत